ख) वडा भित्रका विभिन्न विधाका खेलकुदका विज्ञहरु/पूर्व खेलाडीमध्येबाट वडासमितिले मनोनित गरेको कम्तीमा १ जना महिला सहित २ जना- सदस्य

(ग) वडा स्तरका खेलकुद सम्बन्धी संस्था तथा क्लबहरुबाटसिफारिस भई आएका व्यक्तिहरु मध्येबाट वडा समितिले मनोनित गरेको१ जना - सदस्य

(घ)वडाभित्रका विद्यालयहरुबाट खेलमा रुची भएका शिक्षकहरु मध्येबाट वडा समितिले मनोनित गरेको १ जना महिला सहित २ जना - सदस्य

(ङ) सम्बन्धित वडाको वडासचिव १ जना - सदस्य सचिव

**६.१**वडा खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) वडा स्तरीय खेलकुद प्रतियोगिताका लागि आवश्यकता अनुसारको बजेट विनियोजन गरी प्रतियोगिता सञ्चालन गर्ने तथा नगरबाट वडामा सञ्चालित हुने खेलकुद प्रतियोगिता सञ्चालनमा समन्वय सहकार्य र आवश्यकता अनुसारको सहयोग गर्ने ।

ख) वडा स्तरका खेलकुदको लागि भौतिक संरचनाको पूर्वाधार निर्माण,योजना निर्माण, सञ्चालन तथा विकास गर्ने।

ग) खेलकुदको स्तरमा वृद्धि गर्न वडामाविभिन्न विधाका खेलकुद प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गर्ने,गराउने

घ) वडा भित्रका विद्यालयहरुमा खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन गर्ने ।

ङ) खेलकुद सम्बन्धी क्लव, संस्थालाई दर्ता गर्न तथा आर्थिक सहयोगको लागि स्थानीय सरकारसमक्ष सिफारिश गर्ने,

च) वडा भित्रका खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नकोलागि स्थानीय सरकार समक्ष सिफारिश गर्ने,

छ) नगर खेलकुद विकास समितिको समन्वयमा आवश्यकता अनुसारका अन्य खेलकुद सँग सम्बन्धित कार्यहरु गर्ने।

## ७. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :

(क) संयोजकको समन्वयमा बैठकको लागि पत्राचार गर्ने, अभिलेख राख्ने ।

(ख) बैठकको माइन्यूट उठाउने र बैठक सञ्चालन सम्बन्धी आवश्यक काम गर्ने।

(ग नगर प्रमुख/प्रमुख प्रशासकीय अधिकृतको समन्वयमा आवश्यकता अनुसारका अन्य कार्यहरु गर्ने।

## ८. समितिका सदस्यहरुको पदावधिः

१) मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ। तर स्थानीय तहको निर्वाचन भएमानिजहरुको पदावधि स्वतः समाप्त हुनेछ।

२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिकोलागि जुन प्रक्रिया अनुसार बमोजिम पदपूर्ति भएको हो सोही बमोजिम पदपुर्ति गरिनेछ।

**अनुसूची -२**
**(दफा १४ को उपदफा १ सँग सम्बन्धित )**

मितिः

गुलरिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय बर्दिया
लुम्बिनी प्रदेश नेपाल

**खेलकुद संस्था दर्ताको प्रमाणपत्र**

संस्थाको नामः......................................
ठेगानाः....................................................

दर्ता हुँदाका बखत रहनुभएका समितिको पदाधिकारी र सदस्य संख्याः.....................
दर्ता हुँदाका बखत रहनुभएका अध्यक्षको नामः.......................................................

माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी संस्था दर्ताको प्रमाणपत्र प्रदान गरिएको छ । गुलरिया नगर खेलकुद विकास सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८० र विधानको अधीनमा रही खेलकुद सम्बन्धी गतिविधीहरु सञ्चालन गर्न अनुमति दिइएको छ ।

प्रमुख प्रशासकीय अधिकृत/शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख
गुलरिया नगरपालिका

संस्था नविकरणको विवरण(पृष्ठ भागमा)

| क्र सं | संस्थाको नाम | नविकरण मिति | नविकरण दस्तुर र विल | नविकरण गर्ने कर्मचारीको सही र नगरपालिकाको छाप | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

